# अध्याय 13: समान अवसरहरू

## समान अवसर आयोग

समान अवसर आयोग (Equal Opportunities Commission, EOC) हङकङमा भेदभाव विरोधी अध्यादेशहरू लागू गर्न सन् १९९६ मा स्थापना भएको एक स्वतन्त्र वैधानिक निकाय हो, जस अन्तर्गत विशेष रुपमा निम्न ऐनहरू अन्तर्गतका कर्तव्यहरू पर्दछन्: लैङ्गिक भेदभाव अध्यादेश (Sex Discrimination Ordinance, SDO), अपाङ्गता भेदभाव अध्यादेश (Disability Discrimination Ordinance, DDO), पारिवारिक स्थिति भेदभाव अध्यादेश (Family Status Discrimination Ordinance, FSDO) र जातिय भेदभाव अध्यादेश ( Race Discrimination Ordinance, RDO) l

## भेदभाव विरोधी अध्यादेशहरू

वर्तमानमा हङकङका चार भेदभाव विरोधी अध्यादेशहरूले लिङ्ग, गर्भावस्था, स्तनपान, वैवाहिक स्थिति, अपाङ्गता, पारिवारिक स्थिति र जातिको आधारमा भेदभाव गर्न निषेध गर्दछ। भेदभाव दुई प्रकारका हुन्छन् - प्रत्यक्ष भेदभाव र अप्रत्यक्ष भेदभाव। प्रत्यक्ष भेदभाव तब हुन्छ जब एक व्यक्तिको लिङ्ग, गर्भावस्था, स्तनपान, वैवाहिक स्थिति, असक्षमता, पारिवारिक स्थिति वा जाति जस्ता संरक्षित विशेषताहरूको कारणले अर्को व्यक्तिलाई भन्दा कम अनुकूल व्यवहार गरिन्छ। अप्रत्यक्ष भेदभाव तब हुन्छ जब एक शर्त वा आवश्यकता, जुन उचित छैन, सबैलाई लागू गरिन्छ तर व्यवहारमा माथि उल्लिखित संरक्षित विशेषता भएका व्यक्तिहरूलाई त्यसले प्रतिकूल असर गर्छ। कानूनले उत्पीडन र अपमानबाट सुरक्षा पनि प्रदान गर्दछ, जसमा यौन उत्पीडन र जातीय दुर्व्यवहार सहित, तर यतिमा मात्रै सीमित नहुने, कार्यहरू पर्दछन्।

**अध्यादेशहरूले सार्वजनिक क्षेत्रका गतिविधिहरूको दायरालाई समेट्छ, जसमा मुख्य रूपमा:**

- रोजगारी
- शिक्षा
- वस्तुहरू, सेवाहरू र/वा सुविधाहरूको व्यवस्था
- निपटान र / वा परिसरहरूको व्यवस्थापन
- मतदान गर्न र सल्लाहकार निकायहरूमा निर्वाचित वा नियुक्ति हुने योग्यता
- क्लबहरू र खेल गतिविधिहरूमा सहभागिता
- सरकारका गतिविधिहरू (RDO बाहेक)

**लिङ्ग, वैवाहिक स्थिति, गर्भावस्था वा स्तनपानको आधारमा व्यक्ति विरुद्ध भेदभाव गर्नु SDO अन्तर्गत गैरकानूनी छ।** SDOले यौन उत्पीडन, स्तनपानको आधारमा उत्पीडन तथा रोजगारी, शिक्षा, वस्तुहरू, सेवाहरू र/वा सुविधाहरूको व्यवस्था र विसर्जन र/वा परिसरहरूको व्यवस्थापन, सल्लाहकार निकायहरूमा मतदान गर्ने र निर्वाचित वा नियुक्ति हुने योग्यता र क्लबहरूमा सहभागिताको क्षेत्रमा उत्पीडित हुनबाट पनि सुरक्षा प्रदान गर्दछ। यौन उत्पीडन कुनै पनि अप्रिय यौनजन्य कार्य, कुनै अप्रत्याशित यौनजन्य प्रस्ताव, अर्को व्यक्तिप्रति यौन प्रकृतिको अप्रत्याशित आचरण र/वा यौनिक रुपमा शत्रुतापूर्ण वा डरलाग्दो वातावरण सिर्जना गर्नु हो जसलाई सामान्यतया एक व्यावहारिक व्यक्तिद्वारा आक्रामक, अपमानजनक वा भयपूर्ण मानिन्छ। यसमा कुनै व्यक्तिलाई छुने, यौन ठट्टा गर्ने, यौन सम्बन्ध आग्रह गर्ने वा अभद्र तस्बिरहरू प्रदर्शन गर्ने लगायत, तर यतिमा मात्रै सीमित नहुने, कार्यहरू पर्दछन्। स्तनपान दुर्व्यवहार तब हुन्छ जब कुनै व्यक्तिले कुनै महिलालाई स्तनपान गरेको कारण देखाएर उत्पीडक व्यवहार गर्दछ, जस अन्तर्गत महिला प्रति अप्रिय व्यवहार हुन्छ वा एक शत्रुतापूर्ण वा डरलाग्दो वातावरण सृजना हुन्छ।

**DDO अन्तर्गत, सार्वजनिक रूपमा अपाङ्गता भएको व्यक्तिलाई गाली गर्नु, वा असक्षमताको आधारमा व्यक्तिलाई भेदभाव वा उत्पीडन गर्नु गैरकानूनी छ।** अपाङ्गता उत्पीडनले अपाङ्गता भएका व्यक्तिलाई अपमानित र आहत महसुस गराउने व्यवहार समावेश गर्दछ जस्तै व्यक्तिको अपाङ्गताको बारेमा असभ्य टिप्पणीहरू,

ठट्टाहरू, तस्विरहरू र टेक्स्ट सन्देशहरू,आदि। अपाङ्गता उत्पीडन पनि गैरकानुनी हो। कुनै आरोपित अपाङ्गता वा कुनै सहयोगीको अपाङ्गताको आधारमा भेदभावको सन्दर्भमा पनि सुरक्षा प्रदान गरिएको छ।

**FSDO अन्तर्गत, पारिवारिक स्थितिको आधारमा व्यक्तिलाई भेदभाव गर्न गैरकानूनी छ।** पारिवारिक स्थिति भनेको नजिकको परिवारको सदस्यको हेरचाहको लागि जिम्मेवारी भएको स्थिति हो। एक व्यक्तिको नजिकको परिवारको सदस्य भनेको रगत, विवाह, धर्मपुत्र वा आत्मीयताबाट व्यक्तिसँग सम्बन्धित व्यक्ति हो। FSDO अन्तर्गतको उत्पीडन पनि गैरकानूनी छ।

**RDO अन्तर्गत, जातियताको आधारमा कुनै व्यक्तिलाई भेदभाव, उत्पीडन वा गाली गर्नु गैरकानूनी छ।** जातियता भनेको व्यक्तिको जात, वर्ण, वंश, राष्ट्रिय वा जातीय उत्पत्ति हो। जातीय उत्पीडनले कुनै निश्चित जातिको व्यक्तिलाई अपमान गरेको, खसाएको वा डराएको महसुस गराउने व्यवहार समावेश गर्दछ जस्तै कुनै व्यक्तिको जातिको बारेमा असभ्य टिप्पणीहरू, ठट्टाहरू, तस्विरहरू, टेक्स्ट सन्देशहरू, आदि।

कुनै व्यक्तिलाई सम्बद्ध जातिको आधारमा भेदभाव वा दुर्व्यवहार गरिएमा वा कुनै विशेष जाति वा विशेष जातीय समूहको सदस्य भनी आरोप लगाइएमा पनि कानूनद्वारा सुरक्षित हुनेछ। RDO अन्तर्गत पीडित हुनु पनि गैरकानूनी छ।

## EOC ले तपाईंको लागि के गर्न सक्छ?

अध्यादेशमा निर्दिष्ट गरिएको भेदभाव, उत्पीडन वा अपमानजनक अनुभव भएको विश्वास गर्ने जो कोहीले घटना भएको १२ महिना भित्र EOC मा लिखित रूपमा उजुरी गर्न सक्छन्। EOC उजुरीलाई सम्हाल्दा निष्पक्षता र तटस्थताका सिद्धान्तहरूको पालना गर्दै "पीडित-केन्द्रित" दृष्टिकोण अपनाउन प्रतिबद्ध छ। यदि उजुरीकर्तालाई लिखित रूपमा उजुरी तयार गर्न कठिनाइ भएमा, उसले EOC कार्यालयमा सम्पर्क गर्न सक्छ। EOC ले तपाईंको कठिनाइहरू पत्ता लगाउनेछ र दिइएको जानकारीको आधारमा, कुनै लिखित सहायता प्रदान गर्ने कि नगर्ने भनेर विचार गर्नेछ।

EOC कुनै अदालत वा न्यायाधिकरण होइन। यसमा भेदभाव, उत्पीडन वा अपमानजनक दावीहरूमा निर्णय गर्ने शक्ति छैन। न त यो कुनै कानूनी सहायता एजेन्सी हो। यद्यपि, EOC ले गुनासोहरूको छानबिन गर्न र मेलमिलाप मार्फत विवादहरू समाधान गर्न मद्दत गर्न सक्छ। यदि मुद्दा मिल्दैन भने, उजुरीकर्ताले कानूनी सहायता सहित अन्य सहायताको लागि EOC मा आवेदन दिन सक्छ। चारवटा अध्यादेश अन्तर्गत उजुरीकर्ताले डिस्ट्रिक्ट अदालतमा सिधै कानूनी कारबाही पनि गर्न सक्नेछन्।

EOC र चार अध्यादेशहरूको बारेमा थप जानकारीको लागि, कृपया EOC वेबसाइट www.eoc.org.hk मा हेर्नुहोस् वा EOC कार्यालयमा सम्पर्क गर्नुहोस्। अनुवादनको अनुरोध उपलब्धताको आधारमा प्रदान गरिनेछ।

ठेगाना: 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong

EOC को कामको बारेमा जानकारी EOC को मोबाइल एपहरू मार्फत पहुँच गर्न सकिन्छ:

Available on the iPhone App Store 下載平機會 iPhone應用程式

ANDROID APP ON Google play 下載平機會 Android應用程式

टेलिफोन: **२५११-८२११ (सामान्य सोधपुछका लागि)**
**२१०६-२२२२ (यौन उत्पीडन विरोधी हटलाइन)**
इमेल: eoc@eoc.org.hk (सामान्य सोधपुछका लागि मात्र)
वेबसाइट: www.eoc.org.hk
एसएमएस सोधपुछ सेवा: ६९७२५६६६१६५३८ (श्रवणशक्ति/बोल्न कठिनाइ भएका व्यक्तिहरूका लागि)

भेदभावको उजुरी:
https://www.eoc.org.hk/eoc/graphicsfolder/ComplaintPICS.aspx

भेदभाव सोधपुछ:
https://www.eoc.org.hk/eoc/graphicsfolder/enquirypics.aspx

कार्यालय समय: सोमबार देखि शुक्रबार बिहान ८:४५ - साँझ ५:४५ सम्म